# गढीमाई नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### समनपुर, रौतहट

### मधेश प्रदेश, नेपाल

## करारमा कर्मचारी पदपूर्ति सम्बन्धी सूचना !

**संशोधित सूचना प्रकाशित मिति :- २०७९/०४/०१**

गढीमाई नगर कार्यपालिकाको बैठक मिति २०७९।०३।३० गतेको निर्णयानुसार तथा गढीमाई नगरपालिकाको करारमा कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि, २०७९ बमोजिम यस कार्यालयमा रिक्त रहेको देहाय बमोजिमको पदमा खुल्ला/समावेशी प्रतिस्पर्धाको माध्यमबाट करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले निम्न बमोजिमको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र राजश्व तिरेको सक्कलै रसिद वा बैंक दाखिला गरेको सक्कलै भौचर सहित कार्यालय सञ्चालन समयमा रीतपूर्वक दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| विज्ञापन नं. | पद/तह | पद संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता | लाग्ने दस्तुर |
|---|---|---|---|---|
| १-०७८/०७९ | मेडिकल अधिकृत, आठौं तह | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. वा सो सरह उत्तीर्ण गरी एन.एम.सि. परीक्षा पास गरेको | १,०००।- |
| २-०७८/०७९ | सिभिल इन्जिनियर, सातौ तह | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित सिभिल इन्जिनियरिङ विषयमा कम्तिमा स्नातक तह योग्यता भएको | १,०००।- |
| ३-०७८/०७९ | सिभिल सवइन्जिनियर (जनरल/उर्जा), सहायक पाचौ तह | ३/१ = ४ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सवइन्जिनियरिङ ( जनरल/उर्जा) कोर्ष उत्तीर्ण गरेको | ५००।- |
| ४-०७८/०७९ | कम्प्युटर अपरेटर, सहायक पाचौ तह | १ | +२ उत्तीर्ण गरी कम्प्युटर सम्बन्धी ६ महिने तालिम प्राप्त गरेको | ५००।- |
| ५-०७८/०७९ | अमिन, सहायक चौथो तह | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट अमिन कोर्ष उत्तीर्ण गरेको | ३००।- |
| ६-०७८/०७९ | सहायक कम्प्युटर अपरेटर, सहायक चौथो तह | १८ (महिला-६) | +२ उत्तीर्ण गरी कम्प्युटर सम्बन्धी ३ महिने तालिम प्राप्त गरेको | ३००।- |
| ७-०७८/०७९ | सामाजिक परिचालक, सहायक चौथो तह | ९ (महिला-३) | मान्यता प्राप्त शिक्षण संस्थाबाट +२ उत्तीर्ण गरेको | ३००।- |
| ८-०७८/०७९ | अ.हे.व., सहायक चौथो तह | ३ | मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व. कोर्ष उत्तीर्ण गरी सम्बन्धित परिषदमा दर्ता गरेको | ३००।- |
| ९-०७८/०७९ | अ.न.मी., सहायक चौथो तह | ८ | मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्ष उत्तीर्ण गरी सम्बन्धित परिषदमा दर्ता गरेको | ३००।- |
| १०-०७८/०७९ | ल्याव असिष्टेन्ट, सहायक चौथो तह | ३ | मान्यता प्राप्त शिक्षण संस्थाबाट ल्याव असिष्टेन्ट कोर्ष उत्तीर्ण गरी सम्बन्धित परिषदमा दर्ता गरेको | ३००।- |
| ११-०७८/०७९ | ना.प्रा.स.,(कृषि) सहायक चौथो तह | ८ (महिला-३) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विषयमा न्यूनतम टि.एस.एल.सि. उत्तीर्ण गरेको | ३००।- |
| १२-०७८/०७९ | ना.प्रा.से.प्रा., सहायक चौथो तह | ७ (महिला-२) | मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु सेवा वा पशु स्वास्थ्य विषयमा न्यूनतम टि.एस.एल.सि. उत्तीर्ण गरेको | ३००।- |
| १३-०७८/०७९ | हेभी चालक, श्रेणी विहिन | २ | हेभी चालकको चालक अनुमति प्राप्त गरेको | १००।- |
| १४-०७८/०७९ | हलुका सवारी चालक, श्रेणी विहिन | ५ | हलुका सवारी चालकको चालक अनुमति प्राप्त गरेको | १००।- |
| १५-०७८/०७९ | नगर प्रहरी, श्रेणी विहिन | १० (महिला-३) | ८ कक्षा उत्तीर्ण गरेको | १००।- |
| १६-०७८/०७९ | कार्यालय सहयोगी, श्रेणी विहिन | २७ (महिला-९) | साधारण लेखपढ | १००।- |
| १७-०७८/०७९ | भान्से, श्रेणी विहिन | ३ | साधारण लेखपढ | १००।- |
| १८-०७८/०७९ | सरसफाई, श्रेणी विहिन | २ | साधारण लेखपढ | १००।- |
| १९-०७८/०७९ | स्वीपर, श्रेणी विहिन | ९ (महिला-३) | साधारण लेखपढ | १००।- |

# गढीमाई नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

समनपुर, रौतहट
मधेश प्रदेश, नेपाल

**शर्तहरु :**

१)दरखास्त दिने स्थान : गढीमाई नगर कार्यपालिकाको कार्यालय समनपुर, रौतहट ।

२)परीक्षाको किसिम : श्रेणी विहिन नगर प्रहरीको विज्ञापनको हकमा शारिरीक परीक्षण, प्रयोगात्मक र अन्तरवार्ता, श्रेणी विहिन अन्य विज्ञापनको हकमा अन्तरवार्ता र श्रेणी विहिन विज्ञापन बाहेक अन्य विज्ञापनको हकमा लिखित परीक्षा र अन्तरवार्ता ।

३)दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलीपल्ट कार्यालय खुल्ने समयसम्म दरखास्त बुझाउन सकिनेछ ।

४)सम्पर्क मिति : दरखास्त दिने अन्तिम मितिको भोलीपल्ट र सो दिन सार्वजनिक विदा परेमा त्यसपछि कार्यालय खुल्ने पहिलो दिन ।

५)कामकाज गर्नुपर्ने स्थान : गढीमाई नगरपालिका क्षेत्रभित्र ।

६)तलब सुविधा : नगरपालिकाले तोके अनुसार ।

७)दरखास्त फाराम र सूचना यस गढीमाई नगरपालिका कार्यालयको वेवसाईट www.gadhimaimun.gov.np बाट समेत प्राप्त गर्न सकिनेछ ।

८)दरखास्त फारामसाथ पेश गर्नुपर्ने कागजातहरु : नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, चारित्रिक प्रमाणपत्र, अनुभवको प्रमाणपत्र, परिषदमा दर्ताको प्रमाणित प्रतिलिपिहरु । पेश गरिएका सबै प्रतिलिपिहरूको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ ।

९)उमेरको हद : १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको तर नगरपालिकामा कार्यरत कर्मचारीको हकमा उमेर हद नलाग्ने ।

१०) विदेशी शैक्षिक संस्थाबाट अध्ययन गरेकाहरुको हकमा नेपाली विश्व विधालयबाट समकक्षता निर्धारण गरेको प्रमाण पेश गर्नुपर्नेछ ।

११)दरखास्त दस्तुर जम्मा गर्ने बैंक र खाता नं. : गढीमाई नगरपालिकाको बैंक अफ काठमाण्डौ लि., गढीमाई शाखा, रौतहटमा रहेको आन्तरिक राजश्व खाता (गढीमाई न.पा.) नं.- ग १.१ -०१७९००००१५६५२४ मा नगद जम्मा गरेको सक्कलै भौचर वा नगरपालिका कार्यालयमा नगद बुझाएको नगदी रसिद निवेदनसाथ पेश गर्नुपर्नेछ ।

१२)यस सम्बन्धमा थप जानकारीको लागि गढीमाई नगर कार्यपालिकाको कार्यालय समनपुर, रौतहटमा तथा सम्पर्क मोवाईल नम्बर ९८५१२७६८४७ र ९८५५०४०७२७ मा सम्पर्क राख्न सकिनेछ ।

१३)विज्ञापन गरिएको पदको परीक्षा पाठ्यक्रम लोकसेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

१४)परीक्षा सम्बन्धी कार्यतालिका सम्पर्क मिति‌को दिन प्रकाशित गरिनेछ ।

नि.प्रमुख प्रशासकीय अधिकृत

नागेन्द्र यादव
नि. प्रमुख प्रशासकीय अधिकृत